# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, कात्तिक १७ गते २०४६ साल (संख्या २६

## भाग ३

### श्री ५ को सरकार
### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी उद्योग तथा वाणिज्य मन्त्रालयबाट प्रकाशित भएका देहायका सूचनाहरू आजकै मितिदेखि लागू हुने गरी खारेज गरेको छ ।

१. २०३४ साल चैत्र २८ गतेको नेपाल राजपत्र भाग ४ मा प्रकाशित टीन कन्टेनरहरू ईजाजत बेगर पैठारी गर्न नपाउने ।

२. २०३३ साल असोज २५ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित फुटेको सेतो काँचका टुक्राहरू वागमती र नारायणी अञ्चलहरूबाट बाहिर निकासी गर्न मनाही गरेको ।

३. २०३६ साल मंसीर २४ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित नेपालमा उत्पादन हुने कोकाकोला भारत निकासी गर्न मनाही गरेको ।

४. २०३२ साल चैत्र २३ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित वागमती तथा नारायणी अञ्चलबाट मरेका गाई वस्तु र तिनीहरूको हाड, सिंग र खुर विदेशमा निकासी गर्न मनाही गरेको ।

५. २०३५ साल साउन ३० गतेको नेपाल राजपत्रमा प्रकाशित श्री ५ को सरकारले स्वीकृति दिएमा बाहेक जुटको बोरा (स्याकिङ्ग) पैठारी गर्न मनाही गरेको ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

कृषि मन्त्रालयका सचिव श्री विन्देश्वरीप्रसाद सिन्हा कृषि सम्बन्धी अध्ययन, अवलोकन भ्रमणमा जापानतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव (प्रा.) श्री माणिकलाल प्रधानलाई मिति २०४९।७।१२ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
रजनीनाथ प्याकुर्‍याल
श्री ५ को सरकारको अतिरिक्त सचिव

---

## भूलसुधार

खण्ड ४१ मिति २०४८।१२।३० को अतिरिक्ताङ्क ७३(क+२) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको नेपाल अधिराज्यका नगरपालिका र गाउँ विकास समितिको क्षेत्र निर्धारण सम्बन्धी सूचनाको सि.नं. २२ को खण्ड (ट) को दोस्रो र दशौं हरफमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको प्रतिमा हुनु पर्नेमा राजाको प्रतिमा हुन गएकोले भूलसुधार गरिएको छ।

स्थानीय विकास मन्त्रालय।

## भूलसुधार

खण्ड ४२ संख्या २८ मिति २०४९ साल कात्तिक १० गतेको नेपाल राजपत्र भाग ४ मा प्रकाशित परराष्ट्र मन्त्रालयको सूचनामा पेज नं. ७ को दोस्रो लाइनमा "Barrage to the high ground on the Nepalese side shall be Construed" हुनु पर्ने भएकोले भूलसुधार गरिएको छ।

मुद्रण विभाग।

४५५२



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।